# फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मिनिया (बो), रौतहट

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :-०७९/०८०

च. नं :- ४२१

मिति:-२०७९/०५/२१

**औषधि उपचार वापत खर्च प्राप्तिका लागि आवेदन पेस गर्ने सम्वन्धि अत्यन्त जरुरी सूचना**

प्रस्तुत बिषयमा स्वास्थय तथा जनसंख्या मन्त्रालय रामशाह पथ काठमाडौं बाट जारी गरिएको मिर्गौला प्रत्यारोपन गरेका, डायलोसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउन सम्बन्धि कार्य बिधि २०७८ बमोजिम सेवाग्राहीलाई नेपाल सरकारले तोकेको मासिक रकम रु ५०००|- (अक्षरेपी रु. पाच हजार मात्र) उपलब्ध गराउन बेवास्था रहेको उक्त रकम प्राप्तिको लागि लाभग्राहिले सूचना प्रकाशित भएका मितिले १५ दिन भित्र आफु बसोबास गर्ने वडाको वडा कार्यालयमा तपशिल अनुसारका कागजातहरु सहित आवेदन पेस गर्नु हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ | साथै यस बारे थप जानकारीको लागि कार्यालयको पंजीकरण शाखामा सम्पर्क गर्न सकिने छ |

**तपशिल**

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

- नागरिता प्रमाण पत्रको प्रतिलिपि
- नावालकको हकमा जन्म दर्ताको प्रतिलिपि
- अनुसुची १ बमोजिम चिकित्सकको सिफारिस
- मेरुदण्ड पक्षाघातको हकमा अपाङ्गता सम्बन्धि प्राप्त गरेका रातो वा निलो काडको प्रतिलिपि
- लाभग्राही अनुसुची २ बमोजिमको सम्बन्धित वडामा निबेदन र सम्बन्धित पत्र
- बिपन् भएको प्रमाण सम्बन्धित व्यक्तिको ग्लोबल आई एम ई बैंक लि. शाखा फतुवा विजयपुर न.पा. मा रहेको खाता न. अनिवार्य

**उपचार खर्च उपलब्ध नहुने अवस्थाहरु**

- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था संगठनबाट रोजगारी निब्रितिकरण वा बिदेशी सरकारवाट रोजगारी पेन्सन प्राप्त गरि रहेको बेक्ती
- नेपाल सरकार वाट उपलब्ध गराउदै आई रहेको जेष्ट नागरिक, दलित, जेष्ट नागरिक एकल अपाङ्ग भाता लगायत नेपाल सरकार वाट प्राप्त गरिरहेका समाजिक सुरक्षा भाता वा यस निर्देशिका बमोजिम उपलब्ध गराउन मध्य कुनै एक किसिमको भाता/मासिक/बृति मात्र प्राप्त गर्ने छन्|
- यस सुचनामा उलेखित एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरि यस किसिमको भाता प्राप्त गर्ने छैन |

**बोधार्थ**

- श्री वडा कार्यालयहरु फतुवा विजयपुर न.पा. पेश हुन् आएका निबेदनहरु दर्ता गरी सोको प्रतिबेदन पठाउनुहुन |
- श्री सुचना तथा प्राबिधिक शाखा फतुवा विजयपुर न.पा. प्रस्तुत सुचना वेबसाइटमा अपलोड गरि डीजीटल सुचना पार्टीमा प्रकाशन गर्नु हुन|

शम्भु कुमार यादव

नि. प्रमुख प्रशासकिय अधिकृत

शम्भु कुमार यादव

नि० प्रमुख प्रशासकीय अधिकृत



CamScanner